# महावु गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

गैडावाज,दैलेख                    कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: ०७६।०७७
चलानि नं.:

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/०९/०६**

**यस महावु गाउंपालिका अन्तरगतका स्वासथ्यचौकी तथा स्वास्थ्य ईकाइहरुमा आ.व.२०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार स्वास्थ्य संस्थाहरुवाट आमनागरिकहरुलाई निःशुल्क औषधी वितरणको गर्नको लागि आवश्यक पर्ने औषधीहरु तथा औषधीजन्य सामाग्रीहरु सिलबन्धी दरभाउपत्रको माध्यम द्वारा खरिद गर्नु पर्ने भएकाले यो सूचना प्रथम पकट प्रकाशित मितिलि १५ (प्रन्ध) दिन भित्र यस सूचनामा उल्लेखित सेवा शर्तको अधिनमा रहि इच्छुक इजाजत प्राप्त WHO GNP Certified कम्पनिबाट उत्पादिन औषधि तथा स्वास्थ्य सामाग्री बिक्रेता व्यवसायी व्यक्ति वा फम तथा कम्पनीहरुले महावु गा.पा. कार्यालय दैलेखबाट पछि फिता नहुने गरि रु. १००० तिरी दरभाउपत्र फारम खरिद गरि रु. १० को टिकट टांसी निम्न शर्तको अधिनमा रित पुर्वकको शिलबन्दी दरभाउ पत्र प्रथम पटक सूचना प्रकाशित मितिले १६ औ दिनको १२ बजे भित्र पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो शिलबन्धी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।**

तपशिल

१. दरभाउपत्र फाराम खरिद गर्दा अध्यावधिक नविकरण भएको फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.ब. ०७५।०७६ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रहरु (मान्यता प्राप्त नोटरी पब्लिकद्धारा) प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ। दरभाउपत्र दाता खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, यो खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यबसायी सम्बन्धी कसुर सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र समेत सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ। तर कालोसूचीमा परेको व्यक्ति, फर्म, संस्था वा कम्पनीको सञ्चालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा निज आफैं वा निज समेतको नाममा भैरहेको अर्को फर्म, संस्था वा कम्पनीले दरभाउपत्र पेश गर्न पाइने छैन।

२. औषधी तथा औषधी जन्य स्वास्थ्य सामाग्रीहरु खरिद तथा सप्लाई कार्यको लागि ईजाजत प्राप्त WHO GMP Certified कम्पनीबाट उत्पादित औषधि तथा औषधीजन्य स्वास्थ्य सामाग्री बिक्रेता व्यबसायी व्यक्ति वा फर्महरुले मात्र दरभाउपत्र फाराम खरिद गर्न पाउने छ। औषधी खरिद तथा सप्लाई कार्यको कार्यालयले सारभुतरुपमा प्रभावग्राही दरभाउपत्र मध्ये प्याकेजको रुपमा सबै भन्दा घटी कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ।

३. खरिद गरिने औषधि तथा औषधी जन्य सामाग्रीहरु विश्व स्वास्थ्य संगठन कुशल उत्पादक प्रक्रिया (WHO GMP Certified) कम्पनीहरुको मात्र औषधी आपूर्ति गर्नुपर्नेछ र सप्लाई हुने औषधीको प्रत्येक पत्ता (Strip) बोतल, भाइल, टयुब र सो को प्याकिङ्गमा समेत उत्पादन मिति, एक्सपायर मिति, व्याच नम्बर र महावु गाउंपालिकाबाट निःशुल्क रुपमा वितरण गरिएको भन्ने अनिवार्य रुपमा लेखिएको र सो को उपयोग अवधि (Expired Date) यस कार्यालयमा प्राप्त भएको मितिले १८ महिनाको हुनु पर्नेछ। औषधि तथा औषधी जन्य सामाग्रीहरुको प्याकिङ्गमा म्याद कम भएको औषधि तथा जन्य सामाग्रीहरु प्राप्त हुन आएमा फिर्ता गर्न बाधा पर्ने छैन। औषधी खरिद तथा सप्लाई दरभाउपत्र दाताले दरभाउपत्र साथ सप्लाई गरिने औषधिको स्याम्पल (नमुना) अनिवार्य पेश गर्नु पर्नेछ।

४. सप्लाई गर्ने औषधी Bottle भएमा प्लाष्टिक बोतलमा र Tablets & Cap भए Strip मा सप्लाई गर्नु पर्ने छ।

खरिद भएका दरभाउपत्रहरु रित पूर्वक भरि आवश्यक कागजातहरु संलग्न राखी सहिछाप गरि सिलबन्दी गरि खामको बाहिर ब्यक्ति वा फर्मको पुरा नाम, ठेगाना, कामको विवरण स्पष्ट लेखि १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा गराउनु पर्नेछ । अन्यथा मान्यता दिईने छैन । दर्ता भएका सम्पूर्ण शिलबन्दी दरभाउपत्र ठेकेदार वा निजको आधिकारीक प्रतिनिधिहरुको र कार्यालयको प्रतिनिधीहरुको रोहवरमा सोहि दिनको २:०० बजे अर्थात मिति २०७६।०९।२१ गते दिनको २.०० बजे खोलिने छ । दरभाउपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

५. दरभाउपत्र साथ धरौटी वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको नेपाल क्रेडिट एण्ड कर्मश बैंक महावु शाखा, दैलेखमा रहेको धरौटि खाता नम्बर नं. १५२०००००००४०१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ (पचहत्तर) दिन म्याद भएको बिड बण्ड संलग्न हुनुपर्नेछ । नगद लाई मान्यता दिईने छैन ।

६. ठेक्का अवधी भर कुनै पनि मुल्य बृद्धि दिईने छैन ।

७. लागत अनुमान रकम मु.अ.कर सहित रु.८,५०,०००।०० (आठ लाख पचास हजार रुपैयामात्र) रहेको छ ।

८. शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्न र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्य हुनेछ ।

९. शिलबन्दी दरभाउपत्रमा अंक र अक्षर दुबैमा प्रष्ट सँग लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा अनिवार्य सहिछाप भएको हुनुपर्नेछ ।

१०. नियमानुसार लाग्ने कुनै पनि कर, दस्तुरहरु ठेकेदार स्वयंमले ब्यहोनु पर्नेछ ।

११. म्याद नाघी वा रित नपुगी वा कुनै शर्त राखि पेश हुन आएको शिलबन्दी दरभाउपत्र उपर कुनै पनि कारबाही गरिने छैन ।

१२. दरभाउपत्र सम्बन्धी सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१३. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४. सिलबन्दी दरभाउपत्र दाताले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अंक कबुल गरेमा कबुल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेमा कबुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमको घटी कबुल गरेको छ सो को ५० प्रतिशत हुन आउने रकम कबुल अंकको ५ प्रतिशत थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ ।

१५. यस सूचनामा लेखिएको हकमा यसै सूचना बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयकामा सर्म्पक गर्न सकिनेछ ।

<u>तपसिलः</u>

| क्र.सं. | ठेक्का नं. | विवरण | लागत अनुमान (मु.अ.कर सहित) (रु.) | विडबण्ड रकम (रु.) | दरभाउपत्र खरिद दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १/०७६/०७७ | आम नागरिकहरुलाई निःशुल्क औषधी वितरण गर्नको लागि आवश्यक पर्ने औषधीहरु तथा औषधी जन्य सामाग्रीहरु खरिद तथा सप्लाई कार्य । | ८,५०,०००।०० ( आठलाख पचास हजारमात्र) | | १०००।०० ( एक हजार रुपैयामात्र) | महाबु गा.पा., दैलेखको स्टोरसम्म ढुवानी आफै व्यहोर्नु पर्नेछ । |

भक्त बहादुर मल्ल
प्रमुख प्रशासकिय अधिकृत